# राष्ट्रिय मानव अधिकार आयोग
**National Human Rights Commission of Nepal**

केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


## प्रेस नोट

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७१ कार्तिक २१ गते

## कारागार तथा हिरासत केन्द्रहरू मानव अधिकारमैत्री हुनुपर्ने

राष्ट्रिय मानव अधिकार आयोगले नेपालको कारागार तथा हिरासत केन्द्रहरूको भौतिक पूर्वाधार मानव अधिकारमैत्री हुनुपर्ने आवश्यकतामाथि जोड दिएको छ ।

आयोगका सदस्यद्वय सुदिप पाठक र गोविन्द शर्मा पौड्यालले कास्की, पर्वत र बाग्लुङका कारागार तथा हिरासत केन्द्रहरूको अनुगमन गरेपछि आयोगले ती केन्द्रहरू मानव अधिकारमैत्री हुनुपर्ने आवश्यकतामाथि जोड दिएको हो ।

सदस्यद्वय पाठक र पौड्यालले कास्कीमा रहेका कारागार तथा हिरासत केन्द्रहरूको संयुक्त रूपमा अनुगमन गर्नुभएको थियो भने पौड्यालले पर्वत र बाग्लुङका कारागार तथा हिरासत केन्द्रहरूको अनुगमन गर्नुभएको थियो ।

आयोगको प्रारम्भिक अनुगमन प्रतिवेदनमा कास्की, पर्वत र बाग्लुङका कारागार तथा हिरासत केन्द्रहरूका क्षमताभन्दा अत्याधिक संख्यामा बन्दीहरू राखिएको तथा भौतिक पूर्वाधारहरू जीर्ण रहेको उल्लेख छ ।

आयोगले देशैभरको कारागार तथा हिरासत केन्द्रहरूको अनुगमन गर्ने लक्ष्य राखेको छ । यसअनुरूप आयोगले काठमाडौंस्थित नख्खु कारागारबाट अनुगमन कार्य शुरु गरेको थियो ।

यसैबीच, आयोगका सदस्य गोविन्द शर्मा पौड्याल कास्की, पर्वत र बाग्लुङमा आयोजित आयोगको छ वर्षीय रणनीतिक कार्ययोजना तथा विश्वव्यापी आवधिक समीक्षा (Universal Periodic Review) सम्बन्धी कार्यक्रमहरूमा सहभागी हुनुभएको छ ।

उहाँले पोखरामा आयोजित क्षेत्रीय प्रशासक तथा कार्यालय प्रमुखहरूसँगको भेटघाटमा 'शान्ति र विकासको आधार, घर घरमा मानव अधिकार' भन्ने आयोगको मूलमन्त्रलाई मूर्त रूप दिन आफूहरू नागरिकको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका पक्षमा केन्द्रित हुन लागेको जानकारी दिँदै यसका लागि आ-आफ्नो क्षेत्रबाट सहयोग गर्न सबैसँग आग्रह गर्नुभयो ।

यसैगरी, आजै आयोगका अध्यक्ष तथा सदस्यहरूसँग नागरिक समाजका प्रतिनिधि तथा मानव अधिकारसम्बन्धी महाभेला (Magna Meet, 2014) का संयोजकले भेट गर्नुभएको छ । आयोगले उक्त महाभेलामा आफ्नो सक्रिय सहभागिता रहने जनाएको छ ।

..........................
वेदप्रसाद भट्टराई
कामु सचिव


फोन नं. ५०१००१५ फ्याक्स नं. ...